# तुलसीपुर उपमहानगरपालिका स्थानीय तहका कर्मचारीहरुको तह बृद्धि सम्बन्धी कार्यविधि, २०७८

| |
|---|
| प्रमाणिकरण मिति : २०७८।७।११ |

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय, तुलसीपुरदाङ

# तुलसीपुर उपमहानगरपालिका स्थानीय तहका कर्मचारीहरुको तह बृद्धि सम्बन्धी कार्यविधि, २०७८

**प्रतावना:**

साबिक स्थानीय निकायमा सेवा प्रवेश गरी हालसम्म स्थानीय तहमा कार्यरत कर्मचारीहरुको समायोजन, तह मिलान र बढुवा जस्ता वृति विकासका विषयमा देखिएको अस्पस्टता, जटिलता र असमानता हटाई स्थानीय तहमा कार्यरत कर्मचारीहरुको व्यवस्थापनलाई समान, न्यायोचित र एकिकृत गरी कर्मचारीहरुको मनोबल उच्च गराउन कानुनी व्यवस्था गर्न वान्छनीय भएकोले कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३ मा भएको व्यवस्था बमोजिम प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी "तुलसीपुर उपमहानगरपालिका स्थानीय तहका कर्मचारीहरुको तहबृद्धि सम्बन्धि कार्यविधि, २०७८" बनाई तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाले पारित गरी लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) **यो कार्यविधिको नामः** "तुलसीपुर उपमहानगरपालिका स्थानीय तहका कर्मचारीहरुको तह बृद्धि सम्बन्धि कार्यविधि, २०७८" रहेकोछ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा र व्याख्याः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"कर्मचारी"**भन्नालेसाविक स्थानीय निकाय ( जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समिति) मा स्थायी नियुक्ति भई यो कार्यविधि जारी हुँदाको बखतसम्म तुलसीपुर उपमहानगरपालिकामा कार्यरत रहेका स्थायी कर्मचारी र कर्मचारी समायोजन ऐन बमोजिम समायोजन भएका निजामति सेवाका कर्मचारी हरुलाई समेत सम्भनु पर्दछ ।

(ख) **"कार्यविधि"**भन्नाले तुलसीपुर उपमहानगरपालिकाको स्थानीय तहका कर्मचारीहरुको तहबृद्धि सम्बन्धि कार्यविधि, २०७८ लाई सम्भनु पर्दछ ।

(ग) **"कार्यपालिका"**भन्नाले तुलसीपुर उपमहानगरपालिको नगर कार्यपालिकालाई सम्भनु पर्दछ ।

(घ) **"उपमहानगरपालिका"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएको तुलसीपुर उपमहानगरपालिकालाई सम्भनु पर्दछ ।

(ङ) **"प्रमुख प्रशासकिय अधिकृत"**भन्नाले तुलसीपुर उपमहानगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्भनु पर्दछ ।

(च) **"स्थानीय तह"**भन्नाले तुलसीपुर उपमहानगरपालिकालाई सम्भनु पर्दछ ।

(छ) **"कर्मचारी व्यवस्थापन"**भन्नाले साविक स्थानीय निकायबाट स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८५ बमोजिम स्थानीय तह तुलसीपुर उपमहानगरपालिकामा स्वतः समायोजन भै तह मिलान नभएका स्थायी कर्मचारीहरुलाई दफा ३ बमोजिम हुने तह बृद्धि/ग्रेड थप र निजामति सेवाबाट समायोजन भई आएका तर तह बृद्धि नभएका कर्मचारीहरुमात्र समेतलाई सम्भनु पर्दछ ।



तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

घनश्याम पाण्डे
प्रमुख

### ३. तह बृद्धि तथा संगठन संरचना सम्बन्धी व्यवस्था :

१) स्थानीय सरकार संचान ऐन, २०७४ जारी हुनु भन्दा अगाडि साविक स्थानीय निकायको स्वीकृत दरबन्दीमा स्थायी नियुक्त भएका साविक स्थानीय निकायका कर्मचारीहरुको ज्येष्ठता गणना यो कार्यबिधि लागू भएको मिति देखि हुनेछ साथै निजहरुको सोहि मितिदेखि समायोजन, तह मिलान/तह बृद्धि तथा ग्रेड थप गरिनेछ ।

२) कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका निजामति कर्मचारीहरु जुन समायोजनका बखत तहबृद्धि नभै हाल प्रचलित मापदण्ड पुरा भएका लाई एक पटकका लागि मात्र समायोजन, तह मिलान/तह बृद्धि गरिनेछ ।

३) उपदफा (१) बमोजिम तह बृद्धि हुने कर्मचारीहरुको हकमा संगठन तथा व्यवस्थापन अध्ययन भै नगरसभाले स्वीकृत गरेको दरबन्दी भित्र नपरेमा स्वतः पुल दरबन्दीमा कायम रहने छन ।

४) उपदफा (१) बमोजिमको सुविधा उपलब्ध गराउदा नियुक्ति, शैक्षिक योग्यता, सेवा अवधिको आधारमा सेवा समुहसंग मिल्दो पदमा तह मिलान/तह बृद्धि गरिनेछ ।

५) उपदफा (१) बमोजिम समायोजन गर्दा कर्मचारीको शैक्षिक योग्यता र नोकरी अवधि समेतका आधारमा तह बृद्धि वा ग्रेड थप गर्दा देहायको मापदण्डको आधारमा गरिनेछ ।

| हालको तह | सेवा अवधि र शैक्षिक योग्यता | समायोजन हुने तह | समायोजन हुने ग्रेड |
|---|---|---|---|
| श्रेणी विहिन | | श्रेणी विहिन | खाईपाई आएकोमा दुई ग्रेड थप |
| सहायकस्तर तेस्रो | पाँच वर्ष भन्दा कम सेवा अवधि भएका वा पांच बर्ष भन्दा बढि सेवा अवधि भई न्यूनतम शैक्षिक योग्यता नपुगेका | सहायकस्तर तेस्रो | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच वर्ष वा पाँच वर्ष भन्दा बढि सेवा अवधि | सहायकस्तर चौथो | |
| सहायकस्तर चौथो | पाँच वर्ष भन्दा कम सेवा अवधि भएका वा पांच बर्ष भन्दा बढि सेवा अवधि भई न्यूनतम शैक्षिक योग्यता नपुगेका | सहायकस्तर चौथो | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच वर्ष वा पाँच वर्ष भन्दा बढि सेवा अवधि | सहायकस्तर पाँचौ | |
| सहायकस्तर पाँचौ | पाँच वर्ष भन्दा कम सेवा अवधि भएका वा पांच बर्ष भन्दा बढि सेवा अवधि भई न्यूनतम शैक्षिक योग्यता नपुगेका | सहायकस्तर पाँचौ | खाईपाई आएकोमा दुई ग्रेड थप |



घनश्याम पाण्डे
प्रमुख

| | | | |
|---|---|---|---|
| | पाँच वर्ष वा पाँच वर्ष भन्दा बढि सेवा अवधि पुरा र पाँचौ तहमा सेवा प्रवेश गर्दाको बखत तोकिएको न्युनतम शैक्षिक योग्यता हासिल गरेको | अधिकृतस्तर छैठौं | |
| अधिकृतस्तर छैठौं | पाँच वर्ष भन्दा कम सेवा अवधि भएका वा पांच बर्ष भन्दा बढि सेवा अवधि भई न्यूनतम शैक्षिक योग्यता नपुगेका | अधिकृतस्तर छैठौं | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच वर्ष वा पाँच वर्ष भन्दा बढि सेवा अवधि | अधिकृतस्तर सातौं | |
| अधिकृतेस्तर सातौं | पाँच वर्ष भन्दा कम सेवा अवधि भएका वा पांच बर्ष भन्दा बढि सेवा अवधि भई न्यूनतम शैक्षिक योग्यता नपुगेका | अधिकृतस्तर सातौं | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच वर्ष वा पाँच वर्ष भन्दा बढि सेवा अवधि | अधिकृतस्तर आठौं | |
| अधिकृतस्तर आठौं | पाँच वर्ष भन्दा कम सेवा अवधि भएका वा पांच बर्ष भन्दा बढि सेवा अवधि भई न्यूनतम शैक्षिक योग्यता नपुगेका | अधिकृतस्तर आठौं | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच वर्ष वा पाँच वर्ष भन्दा बढि सेवा अवधि | अधिकृतस्तर नवौं | |
| अधिकृतस्तर नवौं | पाँच वर्ष भन्दा कम सेवा अवधि | अधिकृतस्तर नवौं | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच वर्ष वा पाँच वर्ष भन्दा बढि सेवा अवधि | अधिकृतस्तर दशौं | |
| अधिकृतस्तर दशौं | पाँच वर्ष भन्दा कम सेवा अवधि | अधिकृतस्तर दशौं | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच वर्ष वा पाँच वर्ष भन्दा बढि सेवा अवधि | अधिकृतस्तर एघारौं | |

६) उपदफा (५) बमोजिमको शैक्षिक योग्यताको हकमा स्थानीय तहको सेवामा पांचवर्ष भन्दा बढि स्थायी सेवा अवधि पुगेका कर्मचारीहरुका हकमा तह बृद्धि हुने पद भन्दा एक तह मुनिको सेवा प्रवेशको न्युनतम शैक्षिक योग्यतालाई आधार मानिनेछ ।



घनश्याम पाण्डे
प्रमुख

४. **सुचना प्रकाशन गर्ने** : यो कार्यविधि बमोजिम तह मिलान हुने कर्मचारीले यस कार्यालयबाट प्रकाशन हुने सुचनाको म्याद भित्र सम्पूर्ण कागजातहरु स्वयं प्रमाणित गरी निवेदन सहित पेश गर्नुपर्नेछ । म्यादभित्र पेश नगर्ने कर्मचारीहरुको तह बृद्धि हुनेछैन ।

५. **सेवा अवधि र शैक्षिक योग्यता गणना** : यस कार्यविधि बमोजिम तहबृद्धिका लागि सेवा अवधि तथा शैक्षिक योग्यताको गणना यो कार्यविधिको प्रमाणिकरण भएको मिति देखि लागू हुनेछ ।

६. **तह बृद्धि सम्बन्धि व्यवस्था** : यस कार्यविधि बमोजिम तह बृद्धि सम्बन्धी व्यवस्था १ पटकका लागि कार्यविधि स्वीकृत भएको मितिले २ महिना भित्र गरि सक्नु पर्नेछ ।

७ **समायोजन तह मिलान / तह बृद्धि पत्र दिने** : (१) यस कार्यविधि बमोजिम समायोजन तह मिलान भए पश्चात स्थानीय तहका कर्मचारीहरुलाइ प्रमुख प्रशासकिय अधिकृतले समायोजन तह मिलान भएको पत्र ७ दिन भित्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईने पत्र अनुसुची-१ बमोजिम हुनेछ ।

८ **समायोजन तह मिलान भएका कर्मचारीहरुको सेवा सुविधा** : यस कार्यविधि बमोजिम समायोजन तह मिलान भएका स्थानिय तहका कर्मचारीहरुको तलब तथा अन्य सुविधा कानुन बमोजिम हुनेछ ।

९. **जेष्ठता गणना** : (१) समायोजन तह मिलान भए पश्चात हुने पदको जेष्ठता समायोजन तह मिलान भएको मिति देखि गणना गरिनेछ ।

१० **खारेजी र बचाउ** : यो कार्यविधि संविधान, संघीय कानुन र प्रदेश कानुनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।